म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२१ बिहीबार ८ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 21 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदा:
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडाका अधिकांश होटल, रेष्टुरेन्ट खराब हालतमा, ६ वटालाई जरिवाना

## २६ वटामा तीन वटा मात्रै सन्तोषजनक भेटिए

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/हेटौंडा उपमहानगरपालिकाको मुख्य बजार भित्र रहेका होटल तथा रेष्टुरेन्टहरु खराब हालतमा रहेको पाइएको छ ।

सरसफाईमा चुस्तदुरुस्त र अखाद्य वस्तुको प्रयोग शुन्य हुनुपर्ने होटल तथा रेष्टुरेन्टहरु दुवै सूचकमा अतिखराब अवस्थामा भेटिएको हो । होटल तथा रेष्टुरेन्टलाई राम्रो हालत मान्न दर्जन बढी सूचकहरु हुन्छन् । तर, उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिने विषय भएकाले प्रमुखत: सर सफाई र खाद्यसामग्रीको प्रयोगलाई महत्वपूर्ण मानिन्छ । हेटौंडाका २६ वटा होटल तथा रेष्टुरेन्टमा गरिएको सरकारी अनुगमनबाट ३ वटा सामान्य (सन्तोषजनक) अवस्थाका र बाँकी २३ वटामा खोट भेटिएको हो ।

सरकारी अनुगमन बेलाबखत मात्रै हुने गरेकाले होटल तथा रेष्टुरेन्टले मौकामा दाउ थाप्दै आएको उपभोक्ता अधिकारीकर्मीहरु छन् । नियमित अनुगमन भएमा उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गर्ने होटल तथा रेष्टुरेन्टहरु सही अवस्थामा आउने उनीहरुको दाबी छ । हेटौंडामा चैतको ४, ५ र ६ गते तीनदिन गरिएको अनुगमनबाट होटलको अवस्था पत्ता लागेको हो । अनुगमनबाट ६ वटा होटल तथा रेष्टुरेन्टलाई नगद जरिवाना गराइएको खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडाकी सूचना अधिकारी प्रगति अधिकारीले जानकारी दिइन् ।



जिल्ला प्रशासन मकवानपुर, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, जिल्ला प्रहरी कार्यालय र उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त अनुगमन भएको थियो । अनुगमनबाट दाजुभाइ स्विट एण्ड फास्ट फुड, हेटौंडा-४, ओशिन रेस्ट हाउस, हेटौंडा-२ र हाम्रो होटल बासुकला, हेटौंडा-४ को अवस्था सन्तोषजनक पाइएको खाद्यप्रबिधि तथा गुण नियन्त्रण कार्यालयले उल्लेख गरेको छ ।

अनुगमनका आधारमा युनिभर्सल रेष्टुरेन्ट, हेटौंडा-४, सर सफाईमा लापरबाहीले १० हजार जरिवाना, हिमालयन स्विट्स, हेटौंडा-४, सरसफाईमा लापरबाहीका कारण ५ हजार जरिवाना, अन्नपूर्ण भोजनालय, हेटौंडा-१, सरसफाईमा लापरबाहीले ५ हजार जरिवाना, गंगा मिठाई उद्योग, हेटौडा-१, सर सफाईमा लापरबाहीले ५ हजार जरि वानामा परेको छ । यसैगरी, जयशम्भु मिष्ठान्न भण्डार, हेटौंडा-४ लाई सरसफाईमा लापर बाहीले १० हजार तथा वृन्दावन मिष्ठान्न भण्डार, हेटौंडा-४ लाई सरसफाईमा लापरबाही गरेकाले ५ हजार जरिवाना तिराइएको खाद्य कार्यालयकी सूचना अधिकारीले जानकारी दिएकी छन् ।

अनुगमनबाट न्यु स्विट एण्ड चाट हाउसलाई सरसफाईका लागि निर्देशन, आरएसएस बर्गर हाउस एण्ड क्रंची फ्राइड चिकेनमा भेटिएको नक्कली चुक अमिलो नष्ट र सरसफाईका लागि निर्देशन दिइएको छ । मालिका हस्पिटालिटी एण्ड फुडमा भेटिएको फोहोर अवस्थाको पिठो नष्ट, मनकामना होटेल एण्ड लजमा म्याद गुज्रिएको पेयपदार्थ नष्ट, समोसा हाउसलाई सरसफाईका लागि निर्देशन दिइएको कार्यालयले जनाएको छ ।

ढिंडो घर प्रालिमा म्याद गुज्रिएको टोमेटो पेष्ट नष्ट र सरसफाईका लागि निर्देशन, युनिक स्विटको म्याद गुज्रिएको जुस र मिठाई नष्ट, जनप्रिय भोजनालय, हेटौंडा-२, म्याद गुज्रिएको पेयपदार्थ नष्ट, लोकप्रिय प्लसलाई सरसफाईमा सुधारका लागि निर्देशन, हेटौंडा भेटघाट रेष्टुरेन्टलाई सरसफाईमा सुधारका लागि निर्देशन, थापा होटललाई इजाजत नभएको पेयपदार्थ नष्ट र सरसफाईका लागि निर्देशन, श्रेष्ठ होटलमा अखाद्य तेल भेटिएको र मिठाई नष्ट गरिएको कार्यालयले जानकारी दिएको छ ।

चुनियाँ थकाली होटललाई सरसफाईमा सुधारका लागि निर्देशन, अनमोल स्विट्सलाई सरसफाईमा सुधारका लागि निर्देशन, केक प्यालेसलाई सरसफाईमा सुधारका लागि निर्देशन र उत्पादन मिति नाघेको सामग्री नष्ट, विशुद्ध मोमो चा:मा लेबल विवरण नभएको म्याद गुज्रिएको अखाद्यवस्तु भेटिएको र पिज्जा पेष्ट नष्ट, अमन बेकरी एण्ड आइसक्रिम पार्लरमा म्याद गुज्रिएको पेयपदार्थ भेटिएपछि नष्ट गरिएको जनाइएको छ । सरकारी अुगमनले हेटौंडाका अधिकांश होटलको अवस्था सन्तोषजनक नरहेको पाइएको हो ।

खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडाले बजारमा अनुगमन गर्दा अखाद्य रंग प्रयोग गरिएका कटन क्यान्डी फेला पारेको जनाएको छ । उपमहानगरपालिका क्षेत्रभित्र घुमिफिरी कटन क्यान्डी बेच्दै हिँडेका बिक्रेताबाट रंग प्रयोग गरिएका कटन क्याण्डी जफत गरी नष्ट गरिएको र क्याण्डीमा प्रयोग भएको रंग खाद्य रंग भए/नभएको यकिन गर्न नमूना संकलन गरी प्रयोगशाला विश्लेषणार्थ खाद्यप्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौं समेत पठाइएको कार्यालयले जनाएको छ । क्याण्डी उत्पादकलाई ऐननियम बमोजिम दर्ता गरी अनुज्ञापत्र लिएर स्वीकृत खाद्य रंग प्रयोग गरेर मात्र उत्पादन र विक्री वितरण गर्न निर्देशन दिइएको छ ।

साथै, अनुज्ञापत्र प्राप्त गरी लेवल लगाएका बाहेक खुल्ला रुपमा बिक्री वितरण गरिएको कटन क्याण्डीको उपभोग नगर्न तथा आफ्ना बालबालिकालाई समेत नदिन उपभोक्तामा खाद्य कार्यालयले अनुरोध पनि गरेको छ । अखाद्य रंग प्रयोग गरी कटन क्याण्डी उत्पादन तथा विक्री वितरण नगर्न सबैमा सूचना जारी पनि गरिसकेको कार्यालयले जनाएको छ ।

# मकवानपुरका ६ हजार १ सय ६३ परीक्षार्थी एसइइमा



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ मकवानपुरमा यसवर्ष ६ हजार १ सय ६३ विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षा दिने भएका छन् । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको शिक्षा विकास समन्वय ईकाई मकवानपुरले जनाएको छ । चैत १५ गते शुक्रबारबाट सुरु हुने यस वर्षको एसइई परीक्षामा नियमिततर्फ प्राविधिक धारतर्फबाहेक ५ हजार ७ सय ५०, प्राविधिक धारतर्फ २ सय ६४ र एक्जाम्टेडतर्फ एक सय ४९ गरी कूल ६ हजार एक सय ६३ जना विद्यार्थी सामेल हुने शिक्षा विकास समन्वय ईकाई मकवानपुरले जनाएको छ ।

यसवर्ष हुने एसइई परीक्षाका लागि मकवानपुरका १० स्थानीय तहमा २६ वटा परीक्षाकेन्द्र कायम गरिएको छ । त्यसैगरी यसवर्ष मकवानपुरमा सामुदायिकतर्फ एक सय र संस्थागततर्फ ३६ विद्यालय गरी कूल एक सय ३६ विद्यालय एसइई परीक्षामा सामेल हुने समन्वय ईकाई प्रमुख दिनानाथ गौतमले जानकारी दिएका छन् । परीक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको र उत्तर पुस्तिका, प्रश्नपत्र प्रहरीको समन्वयमा परीक्षाकेन्द्रमा पठाउने काम सुरु गरिसकिएको प्रमुख गौतमले बताए । साथै एकदुई दिनमा परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई अभिमुखीकरण गरिने कार्यक्रम रहेको समेत गौतमले बताए ।

गतवर्ष २५ परीक्षाकेन्द्र रहेकोमा प्रजाजागृति मावि राक्सिराङमा यो वर्ष नयाँ केन्द्र थप गरिएको छ । मकवानपुरको कैलाश बाहेक सबै पालिकामा एसईई परीक्षाकेन्द्र निर्धारण गरिएको ईकाईप्रमुख गौतमले बताए । प्रश्नपत्र निर्माणमा वैज्ञानिकता, वस्तुनिष्ठता तथा गुणस्तरीयताले पनि परीक्षाको नतिजालाई असर पार्छ । व्यवस्थित, मर्यादित, निष्पक्ष, स्वच्छ र सौहाद्र वातावरणमा परीक्षा सञ्चालन गर्न परीक्षाकेन्द्र निर्धारण, भौतिक तथा मानवीय व्यवस्थापन एवम् निरीक्षकले परीक्षार्थीलाई गर्ने व्यवहारबाट परीक्षाको गुणस्तरीयताको निर्क्यौल गर्ने बिज्ञहरुले बताएका छन् ।

परीक्षा चैत १५ गते बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुँदैछ । चैत्र २७ गते सकिने परीक्षामा देशभरका करीब ४ लाख ८९ हजार परीक्षार्थी सम्मिलित हुने आंकलन गरिएको छ । यसवर्षदेखि प्रत्येक विषयको सैद्धान्तिकतर्फ कम्तिमा ३५ प्रतिशत अंक नल्याउने विद्यार्थी नन्ग्रेडिङमा पर्नेछन् । दुई विषयसम्म नन्ग्रेडिङ आउने विद्यार्थीले ग्रेडवृद्धि परीक्षा दिन पाउनेछन् । दुईभन्दा बढी नन्ग्रेडिङ आएमा अर्को वर्षसम्म पर्खेर ती विषयको परीक्षा दिनु पर्नेछ । यसघि सैद्धान्तिक र प्रयोगात्क अंक जोडेर ३५ प्रतिशत ल्याएको खण्डमा ग्रेडमा गणना हुन्थ्यो ।

एसईईलाई अधिकतम उपलब्धिमूलक बनाउन अभिभावकको पनि उत्तिकै महत्व रहने बिज्ञहरुले बताएका छन् । छोराछोरीलाई अनावश्यक दवाव नदिने, उनीहरुको आहारविहारलाई स्वस्थ्यकर बनाउने, पढ्ने लेख्ने सामग्री तथा बस्ने स्थानको उपयुक्त वातारण वनाई सहजता प्रदान गर्ने एवम् उत्साह र ढाढस दिएर मर्यादित रुपमा परीक्षा दिन प्रोत्साहित गर्न अभिभावकलाई सुझाव दिइएको छ ।

त्यस्तै विद्यालयले विद्यार्थीको रुची, क्षमता अनुसारको विषयको छनोट तथा परीक्षालाई सहजरुपमा सामना गर्नसक्ने योग्यताको विकास गराउनु पर्ने, विद्यार्थीको वैयक्तिक भिन्नता र उसको प्रगतिको गति र क्षमताको आधारमा पठनपाठन र अभ्यासको अवसर प्रदान गर्ने चाँजोपाँजो मिलाउनु पर्ने समग्रमा विद्यालयको उपलब्धी उच्च हुने गरी विद्यार्थीको तयारी गर्न बिज्ञले सुझाएका छन् ।

# सवारीचालक बन्दै हेटौंडाका महिला




साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/वडा कार्यालयको चालु आर्थिक वर्षको बजेटमा समावेश महिलालक्षित कार्यक्रममा सहभागी बन्दै सवारी चालकको प्रशिक्षण लिएका हेटौंडा-३ का महिला सवारीचालक बन्ने भएका छन् ।

महिलाको आर्थिक पाटोमा सहयोग पुऱ्याउने उद्देश्यअनुसार चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा समावेश रहेको २ लाख रुपैयाँ बजेटबाट कार्यालयले वडामा रहेका १५ वटा टोलविकास सस्थाबाट छनोटमा परेका १५ जना महिलालाई (४ चक्के) साना सवारीचालकको प्रशिक्षण दिएको थियो । प्रशिक्षणमा सहभागीमध्ये एक जनाले यातायात कार्यालय हेटौंडाले लिएको सवारी चालक अनुमतिपत्र समेत प्राप्त गरेकी छन् । १५ दिने तालिममा सहभागी १५ जनामध्ये हेटौंडा-३ की दीक्षा ढकालले सवारीचालक अनुमतिपत्रको परीक्षा पास गर्दै अनुमतिपत्र प्राप्त गरेकी हुन् ।

तालिमको क्रममा दिएको परीक्षामा पास भएको भन्दै तालिम समापनमा ढकाललाई खादा लगाएर सम्मान गरिएको थियो । बुधबार तालिमको समापन गर्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले तालिम लिएर प्राप्त गरेको सीपलाई व्यवहारमा उतार्ने गरी काम गर्न सुझाव दिइन् । उनले सीपलाई सिरानीमा राख्ने होइन व्यावसायिक हुँदै आयआर्जनमा जोडिनु पर्ने बताइन् । व्यावसायिक बन्दै आर्थिक रुपमा सक्षम बन्नसके आत्मनिर्भर बन्न सकिने उनको भनाई थियो ।

हेटौंडा उपमहानगर पालिका-३ का वडाअध्यक्ष ढलकबहादुर थापाको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा वडासदस्य सबिना बिडारी, वडासचिव महेन्द्र चापागाईं, पायोनिर मल्टिपर्पस ड्राइभिङ सेन्टर प्रालिका सञ्चालक दिनेश बिडारी, व्यवस्थापक उर्मिला आचार्यको आतिथ्यता रहेको थियो ।

समापनमा आफ्नो धारणा राख्दै प्रशिक्षार्थी लक्ष्मी तामाङले वडा कार्यालयले सीप सिक्नका लागि घरबाहिर निस्कन सक्ने अवस्था बनाएकोमा खुशी व्यक्त गरिन् । उनले तालिमले हामीमा हौसला बढेको छ, यस्ता तालिमका कार्यक्रम थप गर्न माग गरिन् ।

# दिगो विकास लक्ष्य ८.७ बागमतीको कार्ययोजना तयार

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च बागमती प्रदेशद्वारा कार्ययोजना तयार पारिएको छ । बुधवार हेटौंडामा बसेको बागमती प्रदेश समितिको बैठकले बालबालिकाको क्षेत्रमा के कसरी काम गर्न सकिन्छ भनेर कार्ययोजना तयार पारिएको हो ।

दिगो विकास लक्ष्य ८.७ बागमती प्रदेशका अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षतामा भएको कार्यक्रममा ग्लोवल मार्चका कार्यक्रम प्रवन्धक एन्जेला सेलानो डोन्सेलको प्रमुख आतिथ्यता रहेको थियो । बैठकबाट बालश्रम, बालविवाह न्यूनीकरण गर्न विभिन्न कार्ययोजना तयार पारिएको छ । श्रम मन्त्रालयमा डेलिगेसनमा जाने, बालश्रम सम्बन्धी प्रादेशिक योजना बनाउने र बालबालिकाको क्षेत्रमा योजना समेट्न आग्रह गर्ने निर्णय गरिएको छ । त्यसैगरी समितिको बैठकले प्रदेशका विद्यालय व्यवस्थापन समितिसँग छलफल गर्नुका साथै स्थानीय तहसँग समन्वय गरेर काम गर्ने निर्णय गरेको छ ।

कार्यक्रममा इटिएस्सी नेपालका सूर्यप्रकाश राई, नारी संरक्षण केन्द्रका जेरोम घले, महिला तथा बालबालिका सरोकार केन्द्रका कार्यक्रम अधिकृत एलिना स्याङ्बो, कोशिसका प्रतिनिधि सकुन्तला पौडेलगायत ट्रेड युनियनका प्रतिनिधिसँग छलफल गरिएको हो ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सत्ता बार्गेनिङमा साना दल

पुराना र नयाँ दलबीच कुनै भिन्नता देखिएन । सत्ता बार्गेनिङ सत्ताभोगको लागि मात्रै देखिएको छ । यसले कुनैपनि आधारमा सामाजिक, आर्थिक र जनजीविकाको सवालमा सकारात्मक प्रभाव पार्दैन । समृद्धि देशको परिकल्पनामा यसले कुनै असर पुऱ्याउँदैन । वास्तवमा दलहरुले सत्तामा पुगिरहन बार्गेनिङ गरिरहनु भनेको देश विकासको दृष्टिले पछाडि पर्नु हो । हाम्रो नेपाली पार्टी (हानेपा)को पछिल्लो भूमिकालाई लिएर यतिबेला बागमती प्रदेशको सत्ता राजनीति तरंगित छ । हाम्रो नेपाली पार्टीको सत्ता बार्गेनिङले पुराना दलको सत्ता र शक्तिमोहलाई समेत मात खुवाउने अवस्थामा पुऱ्याएको छ । बागमती प्रदेशसभामा दुई सिटको हानेपाले पुरानो मन्त्रालय वा संसदीय समितिको सभापति दाबी छोडेर मुख्यमन्त्रीमै आँखा लगाएको छ । हानेपाले मुख्यमन्त्रीमा दाबी गरेपछि सत्ता गठबन्धनका दल नेकपा माओवादी केन्द्र, नेकपा एमाले अन्य साना दलसँग छलफलमा जुटेका छन् ।

२३ फागुनमा नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेल अल्पमतमा छन् । उनले सरकारलाई समर्थन कायम राखेको हाम्रो नेपाली पार्टीलाई सरकारमा सहभागी गराएर विश्वासको मत लिने योजनामा छन् । जम्कट्टेलले विश्वासको मत पाउन हाम्रो नेपाली पार्टीको दुई मत निर्णायक बनेको छ । आफ्नो निर्णायक मतको बलमा हाम्रो नेपाली पार्टीका संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले मुख्यमन्त्री नै दाबी गरेका छन् । ४ चैतमा पार्टी केन्द्रीय कमिटीको विज्ञप्तिमा सरकार बनाउने र ढाल्ने खेलमा नरहेको दाबी गरिएको छ । तर, पार्टीले भने मुख्यमन्त्रीमा दाबी गरेको हो । यही, विज्ञप्तिलाई लिएर बागमतीमा तरङ्ग पैदा भएको हो । २५ पुस २०७९ यता सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टी एउटा मन्त्रालय वा एउटा संसदीय समिति सभापतिमा मरिहत्ते गरिरहेको दल थियो । चालू आर्थिक वर्ष २०८०/८१ का लागि ५ करोड बजेटको योजना बुझाउँदा ३० लाख मात्रै परेको, मन्त्रालय वा संसदीय समितिको सभापति माग्दा ठूला दलबाट हेपाई सहनुपरेको गुनासो सुनाएका थिए । ठूला दलको हेपाईकै कारण मौका आउँदा मुख्यमन्त्रीमा दाबी गरेको नेताहरुले बताएका छन् । विज्ञप्तिमा पुराना राजनीतिक दल र आफू बाहेकका नयाँ दललाई सत्तोसराप गरेको हानेपा भने बागमतीको सत्ता र शक्तिको बार्गेनिङमा लागेको विज्ञप्तिबाटै पुष्टि हुन्छ । पार्टी प्रवक्ता डिल्लीश्वर कार्कीको हस्ताक्षरमा जारी विज्ञप्तिको सुरुवातमै निर्वाचनमा पुराना दललाई विस्तापित गराउन 'नो नट अगेन'को अभियान चलाइएको र त्यसमा नयाँ दलको मुख्य मुद्दा रहेको उल्लेख गरेको छ ।

गठबन्धनमा स्पष्ट बहुमत हुँदा पनि सरकारलाई समर्थन गरेको हानेपाले मन्त्रालयमा दाबी गरेको नेता बज्राचार्यले स्वीकार गरेका छन् । सरकारलाई समर्थन गरेपछि स्वभाविकरुपमै मन्त्रालय पाउनुपर्ने उनको भनाई थियो । संसदीय समितिमा पनि भागबण्डा खोजेको उनको भनाईबाट पुष्टि हुन्छ । संसदीय समिति पनि नपाउने भएपछि सरकारलाई दिएको समर्थन फिर्ता लिने पत्र प्रदेशप्रमुखलाई बुझाउन तयार पारेका थिए । आफूले यो घटनाक्रम हुनुभन्दा अगाडि नै समर्थन फिर्ता लिन तयार भइसकेको बज्राचार्यले स्वीकारेका छन् । सत्ताका लागि पुराना दल र नयाँ दलमा फरक देखिएन । पुरानै दलको शैलीमा नयाँ दल हाम्रो नेपाली पार्टी पनि सत्ताको बार्गेनिङमा लागिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत ८ गते बिहीबार २१ मार्च २०२४ । द्वादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:९, सूर्यास्त ६:१५ । अन्तर्राष्ट्रिय जातिय उत्पीडन विरुद्धको दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मांगलिक कार्य सम्पादन | **तुला** | : दुस्चिन्ताले पिरोल्ने |
| **वृष** | : कार्यमा बाधा | **वृश्चिक** | : यात्रामा भयले सताउने |
| **मिथुन** | : आकस्मिक लाभ हुने | **धनु** | : उपचार खर्च वृद्धि हुने |
| **कर्कट** | : अर्थहानि हुने | **मकर** | : मानसम्मान मिल्ने |
| **सिंह** | : स्थानान्तरण हुनसक्ने | **कुम्भ** | : बादविवाद बढ्ने |
| **कन्या** | : जोस एवम् जांगर बढ्ने | **मीन** | : घरेलु काममा रुचि |

# डाउन सिण्ड्रोम बालबालिका र अभिभावक



✍ अनिता भट्टराई

डाउन सिण्ड्रोम भन्ने वित्तिकै धेरै जनाको प्रश्न हुनसक्छ । के हो डाउन सिण्ड्रोम भनेको ? डाउन सिण्ड्रोम भएका बालबालिकालाई धेरै उपनामहरु दिइन्छन् । कसैले सुस्तमनस्थिति भएको रहेछ भन्छन् । कसैले यो लाटालाटी हो भन्छन् । कसैले यो पागल जस्तै छ भन्छन् । आदि, इत्यादि शब्द प्रयोग हुन्छ ।

उनीहरु बाटोमा हिंड्दा होस् या कतै सार्वजनिक यातायातमा चढ्दा अनि आफन्तको घर जाँदा होस या सामाजिक कार्यमा जाँदा उनीहरुकै अगाडि अभिभावकसँग हरेक प्रश्न गर्छन् । नबुझ्ने बालबालिकालाई थाहा हुँदैन कि के भनेको भनेर तर, बुझ्ने बालबालिकाको मनमा गहिरो छाप बस्दो रहेछ अनि उनीहरु आफ्ना अभिभावकसँग प्रश्न गर्छन् । मलाई के भएको छ र, किन मलाई यस्तो भनेको ? यी प्रश्नको उत्तर दिनलाई अभिभावकलाई मुश्किल हुन्छ । उत्तर के दिने ? भनेर ।

'डाउन सिण्ड्रोम रोग नभइ एक अवस्था हो' मानिसमा सामान्यतया क्रोमोजोमको सख्या ४६ हुन्छ भने १ बढी हुन गइ ४७ हुन पुग्दछ जसको कारण डाउन सिण्ड्रोम बच्चा जन्मिन्छ । यस्ता व्यक्तिको शारीरिक तथा मानसिक र कार्यात्मक विकासको गति ढिलो हुन गइ बौद्धिक विकासमा समेत कमी आइ मानसिक शारीरिक र कार्यात्मक सबैसँग चुनौतीको सामना गर्नु पर्दछ । यो एक अनुवांशिक स्थिति हो । यसको कुनै किसिमको उपचारविधि नै छैन ।

उनीहरुको मुख भित्रको तालुमा गहिरो खाल्टो हुने, नाक सानो डाँडी नभएको, चन्द्रमुखी आकारको मुख, जिब्रो प्राय: बाहिर निकालिरहने, दाँत मिलेर नआउने, जिब्रो चिरा-चिरा परेको छाती परेवाको जस्तो उठेको हुने, कद होचो र गर्धन हातखुट्टा र औला छोटो हुने यस्ता लक्षणहरु डाउन सिण्ड्रोम भएका बालबालिकामा जन्मजात वंशबाट आएको गुण हो । तर, डाउन सिण्ड्रोम हो होइन भनेर यकिन गर्न भने क्रोमोजमको परीक्षण गर्नुपर्दछ । जति सक्दो सानै उमेरमा विभिन्न थेरापी गर्न सके वयस्कमा केही हदसम्म सुधार आउन सक्दछ । त्यस कारणले यिनीहरुको जीवनरक्षाको लागि संरक्षक तथा अभिभावक मार्फत आवाज उठाउन अति आवश्यक छ ।

समुदायमा पनि उनीहरुलाई हेला कै दृष्टिकोणले हेरिन्छ । उनीहरु एक्लै हिडिरहेका छन् भने हरेक उपनामहरु दिएर जिस्काउँछन् । अझ बालिका तथा महिला छ भने यौनशोषणमा पर्दछन् । जो समुदायमा बुद्धिजीवी, शिक्षित भनेर गन्निछन्, तिनीहरुले नै हेला गरिरहेका हुन्छन् । ती बालबालिकाहरुको अभिभावकलाई तेरो बच्चा तलाई बोझ भयो भन्छन् । जुन अभिभावकलाई आफ्नो सन्तान संसारको सबैभन्दा प्रिय लाग्छ । त्यसलाई नै त्यस्तो भन्दा ति अभिभावकलाई कस्तो हुन्छ ? यस्ता नकारात्मक सोचहरु भएका अनि पहिले पाप गरेर यस्ता बच्चा जन्माए अहिले धर्म गर्छन् । गर्भमा हुँदा औषधि सेवन गरेर वा चोटपटक लागेर यस्तो भएको हो भन्ने हाम्रो यस समुदायको सोचलाई कसरी अन्त्य गर्ने त ?

डाउन सिण्ड्रोम भएका व्यक्तिले पनि विभिन्न विभेद खप्नुपर्छ र सामान्य अवस्थामा पनि आधारभूत सुविधा विना बाँच्नु परिरहेको छ । सामाजिक बेवास्ता र अवहेलनाबाट उनीहरुको जीवन झन् कस्टकर बन्दै जान्छ । आफ्नै शारीरिक, मानसिक चुनौती त छदैंछन्, सामाजिक कुरीति र आर्थिक कारणहरु डाउन सिण्ड्रोम भएकाहरुलाई अनुकूल परिवेश तयार गर्न बाधक भइरहन्छन् ।

समाजमा डाउन सिण्ड्रोम भएका व्यक्तिलाई हेर्ने दृष्टिकोण र उनीहरु माथी गरिने व्यवहारमा व्यापक सुधार हुनपर्छ । सामाजिक चेतना र संस्कारमा परिवर्तन गरेर मात्र यो सम्भव हुनसक्छ । डाउन सिण्ड्रोम पूर्वजन्मको पाप कर्मको फल होइन । भ्रामक र गलत धारणाहरु हटाउन विद्यालयका पाठ्यपुस्तक, धार्मिक प्रवचन, सत्सँग र तालिममा डाउन सिण्ड्रोमको बारेमा सत्य कुरा समावेश गर्न जरुरी छ । हरेक स्थानमा उनीहरुलाई सम्मानजनक सुविधा हुनुपर्दछ । सार्वजनिक यातायातमा होस् या अस्पतालको लाईनमा होस् उनीहरुले पाउने सुविधा सम्मानजनक रुपमा पाउनुपर्दछ ।

उनीहरुको जीवन उस्कानका लागि विभिन्न रोजगारमूलक तालिमहरु दिनुपर्दछ । उनीहरुको क्षमता अनुसार सरकारी कार्यालयदेखि अन्य संघसंस्थामा रोजगार पाउनुपर्दछ । उनीहरुलाई समावेशी शिक्षा प्रदान गनुपर्दछ । खेलकुदको आयोजना गरी उनीहरुलाई खेलकुदमा सरिक गराउनु पर्दछ । डाउन सिण्ड्रोम अवस्थाका बालबालिका तथा परिवारसँग सम्पर्क गरी उनीहरुको हकअधिकारलाई सुनिश्चित गराई उनीहरुको पहुँचसम्म पुऱ्याएर त्यसको संरक्षण गरी जीवनस्तरमा सुधार ल्याउन र समावेशी समाजको निर्माण गर्नुपर्दछ ।

यस्ता परम्परागत सोचलाई अन्त्य गरौ (इन्ड दि स्टेरियोटाइप) भन्ने नाराको साथ १३ औं डाउन सिण्ड्रोम दिवस २१ मार्चमा संसारका बिभिन्न ठाउँहरुमा मनाईदै छ । जसमा डाउन सिण्ड्रोम बालबालिका तथा किशोर किशोरीले यिनीहरुले केही गर्न सक्दैन भन्नेहरुको बोलीलाई बन्द गरिदिएका छन् । उनीहरु पनि अरुजस्तै रोजगारी गर्न सक्षम भएका छन् । सुनौलो अवसर र तालिमहरु दियौं भने यिनीहरु पनि आफ्नो खुट्टामा आफैं उभिन सक्छन् भन्ने उदाहरण दिएका छन् । यी बालबालिकालाई यहाँसम्म सक्षम बनाउनका लागि अभिभावकले जति मेहनत गर्नुभएको छ ।

ती अभिभावकलाई म हृदयबाट नै नमन गर्न चाहन्छु । अभिभावकको संघर्षले नै आज डाउन सिण्ड्रोम भएका बालबालिकाको आफ्नो छुट्टै पहिचान बनाउन सक्षम भएका छन् । यसको लागि सबैभन्दा काठमाडौंको डाउन सिण्ड्रोम समाज नेपाललाई मुरीमुरी धन्यवाद दिंदा पनि अझै कमी हुन्छ । जसले डाउन सिण्ड्रोम भएका बालबालिकालाई आफ्नो पहिचान बनाउन र रोजगारीका लागि सक्षम बनाएको छ र रोजगारी समेत दिलाएको छ ।

*(लेखक मनहरी-६ स्थित बालज्योति प्राविका शिक्षक हुन्)*

# मिटरब्याजले थोपरेको अत्याचार, दु:ख र ऋणको अर्थतन्त्र



✍ भास्कर गौतम

ऋण हाम्रो समयको महत्वपूर्ण विषय हो । विकासशील देशको आर्थिक वृद्धि धेरै हिसाबले ऋणमा निर्भर छ । पूँजीको निर्माण समेत धेरै हदसम्म ऋणमा भर पर्छ । कर्जा अनुदान दिने मुलुकको लागि ऋण नाफा उत्पादन गर्ने साथै नियन्त्रण कायम गर्ने साधन बनेको छ । ऋण आर्थिक विकास हासिल गर्ने माध्यम पनि हो ।

राष्ट्रहरूबीचको सम्बन्ध बुझ्न होस् वा समाजको गतिशीलता ठम्याउन, ऋण बारेको बहुआयामिक बुझाइ अहम् रहन्छ । मानवीय सभ्यतामा ऋणको भूमिका धेरै हिसाबले महत्वपूर्ण भएकोले ऋण नितान्त आर्थिक विषय मात्र होइन । तसर्थ ऋण आधुनिक आर्थिक व्यवस्थाको प्राकृतिक उपज मात्र कदापि होइन । ऋण वर्चस्वशालीको लागि राज्यको शक्ति लागू गर्ने आधार समेत हो । ऋणकै जगमा वर्चस्वशालीहरूले सामाजिक शक्ति-सम्बन्ध प्रभावित गर्ने गर्छन् ।

मिटरब्याजका अभ्यासहरू पनि सामाजिक शक्ति-सम्बन्धका उपज हुन् । त्यसैले मिटरब्याज लगायत ऋणका अनेकौं अभ्यासलाई राजनीतिक र आर्थिक थितिले विशिष्ट किसिमले प्रभावित पारेका छन् । मिटरब्याजको सन्दर्भमा तीन फरक दृष्टान्त हेरौं ।

क) चिरइ चमार (एकल महिला) - अठ्ठाइस हजार रकम लिंदा सुरुमै ६ कठ्ठा २ धुर जग्गा रजिष्ट्रेसन पास गर्न बाध्य । त्यसपछि साहुलाई पाँच गुणा बढी रकम बुझाइसकेको । (नवलपरासी)

ख) मोहम्मद असिम - तीन हजार ऋण लिएर साहुलाई निरन्तर पैसा तिरिरहेको । एक लाख २६ हजार तिरे पनि उनको जग्गा विरुद्ध साहुले मुद्दा दर्ता गरेका पछि चाल पाएको । ७ कठ्ठा १० धुर जग्गा साहुको कब्जामा रहेको । (सर्लाही)

ग) श्रीमान् विदेश पठाउन ८२ हजार ऋण लिएको । पटक-पटक गरेर ३ लाख ५२ हजार बुझाएको । तर लोग्ने नभएको र साहुसँग मात्र बस्ने भएकोले साहुले सुरु-सुरुमा निरन्तर धम्की दिएको । पछि-पछि त बलात्कार समेत गरेको । (दलित महिला, नाम खुलाउन नचाहेको, रौतहट)

यी दृष्टान्तबाट प्रष्ट हुन्छ- ऋणका सवालहरू बहुआयामिक र शक्ति सम्बन्धसँग अन्योन्याश्रति छन् । महिला, दलित, सीमान्तकृत वा सामान्य साक्षरहरू आर्थिकसँगै सामाजिक र मानसिक प्रताडना समेत भोग्न बाध्य पारिएका छन् । तथापि मिटरब्याज, चर्को ब्याज दर र अन्य अनुचित लेनदेनका समस्या समाधान गर्न सरकारले मूलत: 'आर्थिक अपराध' र 'कानुनी प्रावधान सहितको प्रशासकीय बन्दोबस्त' तर्फ मात्र ध्यान दिएको छ ।

मिटरब्याज वरिपरिकै अभियानलाई नियाल्दा समेत चर्को ब्याजले पीडित भएकाहरूको मूल मागहरू अपराध र कानुनतर्फ मात्र लक्षित छैनन्। पीडितहरू यो पनि भनिरहेका छन्- सरकारले तत्कालै शासकीय संवेदनशीलता सहित तमसुकहरूलाई अवैध घोषणा गर्ने राजनीतिक प्रतिबद्धता देखाउनु पऱ्यो । लिएको रकमभन्दा कम्तीमा तीन गुणा बढी कबोल गर्दै चर्को ब्याज लिने फर्जी लिखतहरू (तमसुक, दृष्टिबन्धक, र जिष्ट्रेसन/छिनुवापास, चेक आदि)को आधारमा चलाइएको न्याय प्रक्रिया सच्याउनुपऱ्यो । गरिब किसानहरूको जमिन जबरजस्ती खोसिने कार्यमा रोक लगाउन विशेष राजनीतिक बन्दोबस्त गर्नुपऱ्यो ।

यस्ता मागहरूको सम्बोधन फगत 'आर्थिक अपराध' र 'कानुनी प्रावधान सहितको प्रशासकीय बन्दोबस्त' बाट मात्र सम्भव छैन । यसको लागि अर्थपूर्ण सार्वजनिक नीतिहरू र त्यस अनुसारको आर्थिक-सामाजिक कार्यक्रमहरूको खाँचो छ । त्यस्तै प्रकारको राजनीतिक प्रतिबद्धताको अभाव टड्कारो छ । अन्यथा मिटर ब्याज ऋण एक वा अर्को स्वरूपमा समाजमा हावी भइरहने खतरा यथावत् रहिरहन्छ ।

**ऋणबारे किन सोच्ने**

मिटरब्याज पीडित वा आर्थिक विभेदका बहुआयामिक पाटाहरूले देखाइरहेको छ, संसार असमान र कठोर शक्ति सम्बन्धबाट निर्देशित छ । नेपालका गाउँ-शहरहरू यस्तो असमानताबाट प्रताडित छन् । ऋणले अहिले समाजको प्रत्येक तह-तप्कामा जनजीवनलाई असर पारेको मात्र होइन, नेपालको वित्तीय संस्था र बजारलाई समेत प्रभावित गरेको छ । सामाजिक सम्बन्धहरूलाई गाँजेको छ ।

मिटरब्याजले उधारो र ऋणमा चल्ने उपभोक्तावादी अर्थतन्त्रको कमजोर पक्षहरूलाई छताछुल्ल बनाएको छ । सामान्यजनहरू कतै ऋण काढेर बिहे गर्छन्, कतै ऋणको सहारामा कर्मकाण्ड । कतै ऋण लिएर सन्तानलाई पढाउँछन्, कतै ऋण काढेर औषधि-उपचार गर्छन् । कतै ऋण थापेर रोजगारको लागि विदेशिन्छन्, कतै ऋणको भरमा जीविका धान्छन् ।

कतै ऋण तिर्न नसकेर शोषणमा पर्छन्, कतै ऋणको भारले थिचिएर यौनदास बन्छन् । जब यस्तो ऋणको ब्याज 'मिटर' चले जस्तै गतिमा चल्छ तब धितो राख्ने नाममा जमीन गुम्छ । जनजीवन विद्यमान सामाजिक शक्ति-सम्बन्धमा झन्-झन् पराश्रति बन्छ । पराश्रति बन्ने यस्तो चक्रमा मिटरब्याजबाट सबैभन्दा बढी मात्रामा दलित, महिला र सामाजिक सोपानतन्त्रमा तथाकथित 'तल्लो जात' कहलिएकाहरू बढी पर्छन् । सामान्य साक्षरहरू फसिरहन्छन् ।

पूँजीवाद केवल निजी हातहरूबाट निजी फाइदाको लागि गरिने व्यापार र उत्पादनमा निर्भर व्यवस्था होइन । (पूँजीवादी) अर्थतन्त्र राज्यभन्दा छुट्टै विषय होइन, राज्यसँग अन्योन्याश्रति छ । विद्यमान अर्थव्यवस्थामा उत्पादन, व्यापार र उपभोगका कथ्य ऋणका बहुपक्षीय प्रभाव बेगर अधुरो हुन्छ । यस्तो आर्थिक चक्रलाई टिकाइराख्न वर्चस्वशालीहरूले सहुलियत ब्याजदरमा ऋण पाउँछन् वा वित्तीय नीतिहरू उनीहरूको शक्ति-सम्बन्धलाई लक्षित गरेर बनाइएका हुन्छन् । तर गरिब निमुखाहरू चर्को ब्याजदरमा कर्जा लिन बाध्य पारिन्छ । मिटरब्याज त्यस्तै बाध्यात्मक अभ्यासको परिणाम हो किनकि नेपालका गाउँ-शहरमा सामान्यजनको लागि सामान्य उद्यम गर्न औपचारिक वित्तीय ऋण सहज पहुँचमा छैन ।

सामाजिक जनजीवन मात्र होइन अन्य देशको ऋणमा निर्माण हुने राष्ट्रिय अर्थतन्त्रबारे समेत समयमै विचार गर्न आवश्यक छ । अर्थतन्त्रलाई त्यसैले दुई वा त्योभन्दा बढी देशहरूसँगको आयात र निर्यातबीचको सन्तुलनमा मात्र सीमित गर्नु उचित होइन । ऋणले आर्थिक वृद्धिको चिन्तन, समग्र वित्तीय अभ्यास र सामाजिक सम्बन्धहरू कसरी प्रभावित गरेको छ, त्यसबारे समेत चिन्तन आवश्यक छ । किनकि मिटरब्याज हाम्रो आर्थिक परिकल्पना र चिन्तनबाट उब्जिएका व्यवहारहरूमध्ये एउटा पाटो मात्र हो, तर धेरै विभेदकारी पाटो ।

विश्वव्यापी तहमा हामीले ऋणको संकट सन् १९८० को दशकमा देख्यौं । विकासशील राष्ट्रहरूले आफूले तिर्न सक्नेभन्दा बढी कर्जा लिए । प्रतिउत्तरमा वैश्विक व्यापार र विकासका लागि काम गर्ने अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्ता संस्थाले त्यस्तो नीतिगत बदलाव बलजफ्ती ल्याए जसले विकासशील राष्ट्रका नागरिकहरूको जीवनलाई कठिन बनायो ।

एकाएक विकासशील देशहरूको लागि कल्याणकारी कार्यक्रम र स्थानीय रोजगारी थेग्न नसक्ने हुन थाल्यो । डुब्नबाट बच्न ती राष्ट्रहरूले आफ्नो स्रोत ऋण तिर्नतर्फ केन्द्रित गरे र आफ्नो अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय व्यापारको लागि खुला गरे । सरकारी उत्पादन समेत निजीकरण हुने अभ्यासले रफ्तार लियो । नेपालमा पनि यही समयदेखि निजीकरणले नयाँ गति समात्यो ।ऋणीहरूको अवस्था नाजुक र हिरहँदा पूँजीवादी अर्थतन्त्रभित्र हामीले अहिलेसम्म बुझ्दै आएको ऋणलाई कसरी समाधान गर्ने कोशिश गर्छौं ? यस प्रश्नको उत्तर तीन किसिमको खोजिएको देखिन्छ ।

पहिलो, पश्चिमा राजनीतिज्ञ र वित्तीय संस्थाहरू आर्थिक विकासको नाममा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्ता संस्थाहरू मार्फत विकासशील देशलाई ऋण दिने कार्यमा विश्वास राख्छन् । तर यहाँ पनि, कारमेन रेनहार्ट र केनित रोगोफ जस्ता अर्थशास्त्रीले स्वीकारे अनुसार, ठूलो तहको ऋण आर्थिक विकासको लागि खराब छ । उनीहरूको तर्क छ, ऋण नतिर्ने र ऋण छुट गर्ने कार्य गैरजिम्मेवारी व्यवहार हो, त्यसैले ऋण तिर्नुपर्छ । लिएको ऋण नतिर्ने सोच र अभ्यासलाई उनीहरू 'नैतिक जोखिम' भन्छन् । हाम्रा राजनीतिज्ञ र प्रशासकहरू धेरै सन्दर्भमा उनीहरूकै भाकामा 'ऋण लिएपछि नतिर्न कहाँ मिल्छ !' भनिरहन्छन् ।

दोस्रो खेमामा पौल क्रुगम्यान र अमर्त्य सेन जस्ता प्राज्ञिक जगतको मूलधारका अर्थशास्त्री छन् जसले ऋण तिर्न केही सहुलियत चाहिने विश्वास गर्छन् । उनीहरू तर्क गर्छन्, ऋण नतिरेसम्म विकासशील राष्ट्रहरूलाई सरकारी खर्च घटाउन रोक लगाउँदा आर्थिक विकासमा ठूलो बाधा आउँछ । यो केन्सियन अर्थशास्त्रीय विचार हो । यस्तो विचारमा, कम्तीमा छोटो दूरीमा, देशको आर्थिक परिणामलाई आर्थिक मागले प्रभावित गर्ने विश्वास राखिन्छ ।

यी दुई खेमाभन्दा बाहिर आर्थिक असमानताबाट प्रताडित भएपछि क्रोधले गर्दा परिचालित अभियानहरू छन् जसले किनारबाट नीतिगत बहस गरिरहेका छन् । यी आन्दोलनहरू कतिपय अवस्थामा सामाजिक आन्दोलनहरूको विश्वव्यापी सञ्जालमा समेत आवद्ध रहेका छन् । त्यसैले निरन्तर आर्थिक र सामाजिक असमानता विरुद्ध लडिरहेका विश्वभरका विभिन्न न्यायिक आन्दोलन पनि यसमा पर्छन् ।

पछिल्लो समय आर्थिक असमानता वरिपरिकै सामाजिक आन्दोलनमा केन्द्रित रहेर दुइटा महत्वपूर्ण पुस्तक प्रकाशनमा आए । डेविड ग्रेवरको डेट : द फर्स्ट ५००० इयर्स (ऋण : पहिलो ५००० वर्ष) र थोमस पिकेट्टीको क्यापिटल इन द ट्वेन्टी-फर्स्ट सेन्चुरी (एक्काइसौं शताब्दीमा पूँजी) । यी दुवै पुस्तकमा कम्तीमा एउटा सन्देश प्रष्ट छ - पूँजीवादलाई पुनर्विचार गर्न पूँजीभन्दा पनि ऋण महत्वपूर्ण छ ।

हाम्रो सन्दर्भमा पनि पछिल्लो चरणमा मिटरब्याज विरुद्धको आन्दोलनले समग्र थितिबारे विमर्श गर्न ढोका खोलेको छ । किनकि मिटरब्याज वरिपरिको चरम ऋण, समग्र आर्थिक अपराधको चक्र र त्यसमा निहित सामाजिक थिचोमिचोको असमान थिति बाहिर आएको छ । मिटरब्याज विरुद्धको परिचालनले बताउँछ मितव्ययी खर्च र सामान्य कानुनी हेरफेरले मात्र दिगो वित्तीय समाधान दिंदैन । न सामान्यजनको राजनीतिक हकाधिकार सुनिश्चित गर्दै न्यायिक थिति स्थापित गर्न मद्दत मिल्छ । त्यसैले आयोगदेखि आयोगसम्मको अभियानले चर्को ऋण विरुद्धको आन्दोलनको दिगो समाधान दिने सम्भावना रहँदैन । अर्कोतर्फ आन्दोलनले आफ्नो संवेग पनि गुमाउने खतरा रहन्छ ।

**ऋणको अर्थतन्त्र**

ऋणको अर्थतन्त्रबारे विचार गर्नु भनेको मानव र मानवीय समाज कस्ता छन् वा कस्तो हुन सक्छन् ? त्यसबारे समेत विचार गर्नु हो । केथ हार्टले पैसाको इतिहास केलाउने मेसोमा देखाए, पैसा वस्तु पनि हो र ऋणको हिसाबकिताब राख्ने उधारोको साधन पनि । हार्टकै दृष्टिकोणलाई विस्तार गर्दै डेबिड ग्रेबरले तर्क गरे, इतिहासका विभिन्न कालखण्डमा पैसा मानवीय सभ्यताको लागि उधारो र वस्तुको स्वरूप बीच लच्किरफयो । यसर्थ पैसाको काम विनिमयमा मात्र सीमित रहेन । बरु पैसालाई उधारो र ऋणको लागि प्रयोग गरेर विभिन्न अर्थतन्त्रले चलाखी गरे, अनि खास शक्ति-सम्बन्ध लागू गरे ।

डेबिड ग्रेबरले ऋणको ऐतिहासिक विश्लेषणमा देखाए, ऋणको उत्पत्ति पैसाको उदयसँग मात्र भएको होइन, संयोगले त्यही समयमा भएको हो । ऋणको विश्लेषण गर्दै उनले देखाए अर्थतन्त्र र राज्य, छुट्टै विषय होइनन्, एकअर्कासँग अन्योन्याश्रति छन् । यसो भन्नुको अर्थ हो, ऋण नितान्त आर्थिक सवाल मात्र होइन । ऋण वर्चस्वशालीको लागि राज्य शक्ति लागू गर्ने माध्यम बनेको छ । यसरी लागू गर्ने क्रममा हिंसाको प्रयोग पनि व्यापक बनेको छ ।

हिंसा व्यापारको साधन समेत बनेकोले पैसा र बजारको उदय सम्पन्नले विपन्नको फाइदा लिनको लागि बनेको हो । त्यस्तो थिति कायम गर्नको लागि पैसा र व्यापारको व्यापक प्रयोग भयो, जहाँ आर्थिक मात्र होइन सामाजिक असमानता समेत झाङ्गियो । ऋण असमानता कायम गरिरहने बलियो साधन बन्यो । समयसँगै ऋणको अभ्यास मूलत: हिंसाको असरको रूपमा जन्मियो । पैसा र बजारको उत्पत्ति अपराध र मुआब्जा (बदला), युद्ध र दासत्व, सामाजिक प्रतिष्ठा र अपराध मोचनसँग गाँसियो ।

यस्ता दृष्टान्तको बाबजुद, एडम स्मिथको समयदेखि अर्थतन्त्र मूलत: विनिमयमा आधारित छ भन्ने बुझाइ हावी भयो । अर्थात् एउटा र अर्को वस्तुबीचको व्यापार । स्मिथले भने, पैसाको आविष्कार परापूर्व समयमा लेनदेन (बाटर) सजिलो बनाउनको लागि भएको थियो । तर पैसाको उत्पत्ति लेनदेन सहज बनाउनको लागि भएको ऐतिहासिक प्रमाण भेटिंदैन । स्मिथले यो पनि भने कि राज्य र खुला बजार एकअर्कासँग बाझिने शक्ति हुन् । तर ग्रेबरले देखाए जस्तै दुवैको जन्मसँगै भएको थियो र ती एकअर्कासँग अन्योन्याश्रति छन् ।

*(साभार: अनलाइनखबर)*

# विद्यार्थी घटेपछि त्रिविका केही विभाग बन्द हुने अवस्थामा



काठमाडौं / त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा नयाँ भर्नासँगै पढाइ सुरु हुन थालेको छ । तर, कतिपय केन्द्रीय विभाग तथा आंगिक क्याम्पसहरुले विद्यार्थी अभावको समस्या भ्केलिरहेका छन् । कतिपय शैक्षिक कार्यक्रममा विद्यार्थी संख्या कम भएपछि सम्बन्धित डीन कार्यालयले दोस्रो पटक पनि प्रवेश परीक्षा सञ्चालन गरेका छन् । त्यति हुँदा पनि माग अनुसार विद्यार्थी पाएका छैनन् ।

नेपालकै ठूला क्याम्पस मध्येका त्रिचन्द्र र रत्नराज्य (आरआर)ले त स्नातकोत्तर तहका एउटा-एउटा विषयमा विद्यार्थी अभावका कारण पढाइ नै रोकेका छन् । विज्ञान विषय मात्र पढाइ हुने अस्कल र शिक्षा विषय मात्र पढाइ हुने सानोठिमीको हालत पनि नाजुक छ ।

सामान्यत: सेमेष्टर प्रणालीमा १० जनाभन्दा कम विद्यार्थी भर्ना नगर्ने नीति त्रिविले लिएको छ । तर कुनै पनि शैक्षिक कार्यक्रममा पर्याप्त स्थायी शिक्षकहरू छन् र विद्यार्थी नभएर काम नै नपाउने अवस्थामा छन् भने चाहिं १० जना भन्दा कम विद्यार्थी पनि भर्ना गर्न सकिनेछ । १० जनाभन्दा कम विद्यार्थी भएका विभागलाई आंशिक शिक्षक राख्न नपाउने व्यवस्था छ ।

### शिक्षाशास्त्र केन्द्रीय विभागमा जम्मा ७८ विद्यार्थी भर्ना

त्रिविको शिक्षा शास्त्र केन्द्रीय विभागले बिहान र दिउँसो समय मिलाएर विषयगत शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यी दुवै समयका अधिकांश विषयहरुमा विद्यार्थीको चरम अभाव छ । बिहानी सत्रमा २४ र दिवा सत्रमा ५४ गरी जम्मा ७८ विद्यार्थी मात्र भर्ना छन् ।

बिहान पढाइ हुने ६ वटा विषयमा जम्मा २४ जना विद्यार्थीहरु भर्ना भएका एक प्राध्यापकले बताए । विशेष आवश्यकता शिक्षामा ७ जना, शिक्षा योजना तथा व्यवस्थापन विषयमा ६ जना, आईसीटी शिक्षामा ६ जना, पाठ्यक्रम तथा मूल्यांकनमा ३ जना तथा इतिहास र भूगोल शिक्षामा १/१ जना विद्यार्थी मात्र भर्ना भएका छन् ।

दिउँसो पढाइ हुने ६ वटा विषयहरुमा जम्मा ५४ जना भर्ना भएका छन् । नेपाली शिक्षामा २० जना, स्वास्थ्य शिक्षामा १५ जना, गणित शिक्षामा ८ जना, शारीरिक शिक्षामा ४ जना, अर्थशास्त्र शिक्षामा ५ र विज्ञान शिक्षामा २ जना भर्ना भएका छन् । विभागलाई निरन्तरता दिनका लागि मात्रै पनि अध्यापन गराइरहेको एक प्राध्यापक बताउँछन् ।

तर, शिक्षाकै अंग्रेजी र राजनीतिशास्त्रमा भने विद्यार्थी संख्या पर्याप्त देखिएको छ । कुनै समय विद्यार्थी अभाव हुने राजनीतिशास्त्रमा भने यस वर्ष ४९ जना विद्यार्थी भर्ना भएका छन् । विद्यार्थीलाई आकर्षण गराउन धेरै मिहिनेत गरेका कारण विद्यार्थी बढिरहेका प्राध्यापकहरु बताउँछन् ।

त्यस्तै अंग्रेजी शिक्षामा ७२ जना भर्ना भएका छन् । अंग्रेजी शिक्षा विभाग प्रमुख प्रा.डा. गोपालप्रसाद पाण्डे बजारमा अवसर भएकाले अंग्रेजी शिक्षामा आकर्षण देखिएको बताउँछन् ।

'हाम्रो पाठ्यक्रम बजार मुखी छ र बजारमा अवसर पनि छ त्यसका लागि हामीले गुणस्तरीय शिक्षा दिन सकिरहेको भएर विद्यार्थी नपाउने समस्या छैन', उनी भन्छन् ।

### भाषा विज्ञान र हिन्दीमा विद्यार्थी बढेनन्

भाषाविज्ञान केन्द्रीय विभागमा यस वर्ष २ जना विद्यार्थी मात्र भर्ना भएका छन् । भर्ना आह्वान गर्दा ५ जनाले आवेदन दिएका थिए । ९ चैतसम्म भर्ना समय रहेकाले बाँकी रहेका पनि भर्ना हुन आउने अपेक्षा रहेको विभाग प्रमुख प्रा.डा. बलराम प्रसाईंले बताए ।

मानविकी तथा सामाजिक शास्त्र संकायको चार वर्षे कार्यक्रम लागू भएकाले नियमित विद्यार्थी चौथो वर्षमा अध्ययनरत छन् । त्यसैले नयाँ विद्यार्थी नपाएको उनको भनाइ छ ।

हिन्दी केन्द्रीय विभागमा यो वर्ष जम्मा ४ जना भर्ना भएका छन् । विद्यालय तहमा हिन्दी पढाइ नहुने र स्नातकोत्तर तहको हिन्दी विषयमा अनिवार्य अंग्रेजी पढ्नुपर्ने भएकाले विद्यार्थी भर्ना कम हुने गरेका विभाग प्रमुख डा. सञ्जिता बर्मा बताउँछिन् ।

### इतिहासमा बढे विद्यार्थी

बौद्ध अध्ययन केन्द्रीय विभागमा भर्ना हुनेको संख्या दोब्बर बढेको केन्द्रीय विभाग प्रमुख चन्द्रकला घिमिरेले बताइन् । उनका अनुसार यो वर्ष भर्ना हुने विद्यार्थीको संख्या ३३ पुगेको छ। गत वर्ष जम्मा १६ जना भर्ना भएका थिए । विद्यार्थी तथा प्राध्यापकहरुको व्यक्तिगत प्रचारप्रसारका कारण विद्यार्थी बढेको विभाग प्रमुख घिमिरे बताउँछिन् ।

त्यस्तै इतिहास केन्द्रीय विभागमा २७ जना भर्ना भएका छन् । विभाग प्रमुख प्रा.डा.विष्णु सापकोटा भन्छन्, 'पछिल्लो समय विद्यार्थी राम्रो देखिएको छ । भर्ना भएकालाई गुणस्तर जनशक्तिको रुपमा उत्पादन गर्न सकियो भने पर्याप्त हो ।'

आंशिक परीक्षाबाट उत्तीर्ण गरेका विद्यार्थीमध्येबाट यति भर्ना पाउनु सकारात्मक भएको उनको भनाइ छ ।

संस्कृत केन्द्रीय विभागमा यो वर्ष जम्मा १० जना भर्ना भएका छन् । विगतका वर्षहरुको तुलनामा यो वर्षको स्नातकोत्तर तहको भर्ना सन्तोषजनक रहेको विभाग प्रमुख डा. माधव शर्माले बताए ।

### अंग्रेजी र नेपालीमा सामान्य

अंग्रेजी केन्द्रीय विभागमा यस वर्ष ४१ जना विद्यार्थी भर्ना भएका छन् । भर्ना हुने समय अझै बाँकी रहेकाले केही थपिन सक्ने विभागले जनाएको छ ।

यो वर्षदेखि जुनसुकै विषयबाट स्नातक गरेकाले पनि अंग्रेजी साहित्य पढ्न पाउने व्यवस्था गरिएको छ । त्यसले पनि विद्यार्थी संख्या बढेको अंग्रेजी केन्द्रीय विभाग प्रमुख प्रा.डा. जीवलाल सापकोटाले बताए । नेपाली विषयमा यो वर्ष २० जना भर्ना भएका नेपाली केन्द्रीय विभागले जानकारी दिएको छ । नेपालीमा पनि यस वर्षदेखि जुनसुकै विषयबाट स्नातक गरेको विद्यार्थीले नेपाली विषय अध्ययन गर्न पाउने व्यवस्था गरेको छ ।

### त्रिचन्द्रको एउटा कार्यक्रममा शून्य

त्रिचन्द्र क्याम्पसले इन्जिनियरिङ जुलोजीमा स्नातकोत्तरमा भर्ना शून्य भएपछि कार्यक्रम नै सञ्चालन गर्न सकेन । माइक्रोबायोलोजीमा जम्मा ६ जना विद्यार्थी भर्ना भए पनि कक्षा सञ्चालन गर्ने भएको छ । सहायक क्याम्पस प्रमुख बालकृष्ण पौडेल भन्छन्, 'विद्यार्थी कम भए पनि क्याम्पस प्रमुख म्यामले विषय मार्नुहुँदैन पढाउनुपर्छ भन्नुभएको थियो तर व्यवस्थापन समितिले पढाउन मिल्दैन भन्ने निर्णय गरेको रहेछ ।'

हाल क्याम्पस प्रमुख प्रा.डा. नीलम श्रेष्ठ प्रधान विदेशमा छिन् । माइक्रोबायोलोजी कार्यक्रम संयोजक रोशनी महर्जनले भने व्यवस्थापन समितिको निर्णयबारे आधिकारिक जानकारी नआएको बताइन् । स्नातक तहमा भने गत वर्षको तुलनामा केही विद्यार्थी बढेको क्याम्पसले जनाएको छ ।

### रत्नराज्यमा मानवशास्त्र पढाइ नहुने

विद्यार्थीको धेरै चाप हुने भृकुटीमण्डपस्थित रत्न राज्यलक्ष्मी क्याम्पसमा स्नातकोत्तर तहमा मानवशास्त्र बाहेक सबैमा विद्यार्थीको चाप रहेको क्याम्पस प्रमुख डा. जीवनधर ज्ञवाली बताउँछन् । 'स्नातकोत्तर तहको अरु विषयमा गत वर्षको तुलनामा बढेका छन् तर मानवशास्त्रमा भने कम भएकाले यो वर्ष कार्यक्रम नै सञ्चालन गरेनौं', उनले भने । मानवशास्त्रमा जम्मा १० जनाले आवेदन दिएका थिए । काठमाडौंको मध्यभागमा र धेरै आवतजावत हुने ठाउँमा क्याम्पस रहेकाले विद्यार्थीको कमी नभएको क्याम्पस प्रमुख ज्ञवाली बताउँछन् । तर, स्नातक तहमा भने विद्यार्थी संख्या घट्दै गएको उनको भनाइ छ ।

### अस्कलमा पनि कार्यक्रम बन्द हुने अवस्था

लैनचौरको अमृत साइन्स क्याम्पस (अस्कल)मा स्नातकोत्तर तहमा रसायन विज्ञान, वातावरण विज्ञान, भौतिक विज्ञान र वनस्पति विज्ञान कार्यक्रम सञ्चालनमा छ । सबै विषयमा छुट्याइएको सिट संख्याभन्दा कम विद्यार्थी भर्ना भएका सहायक क्याम्पस प्रमुख गोपाल न्यौपानेले बताए ।

यी चारवटै कार्यक्रममा बिहान र दिउँसो पढाइ हुने गरेको छ । दिउँसो पढाइ हुने वनस्पति विज्ञानमा जम्मा ९ जना मात्रै भर्ना भएका छन् । यस्तै अवस्था अर्को वर्ष पनि दोहोरिए कार्यक्रम सञ्चालन नगर्ने विषयमा छलफल भएको न्यौपाने बताउँछन् ।

वनस्पति विज्ञानमा बिहान र दिउँसोमा फरक-फरक विषय भएकाले एकै ठाउँमा पढाउन नमिल्ने सहायक क्याम्पस प्रमुख न्यौपाने बताउँछन् । उनी भन्छन्, 'विद्यार्थी कम हुँदा पूर्णकालीन शिक्षकले अतिरिक्त कक्षाभार लिनुपर्ने अथवा अरु शिक्षक राख्दा आर्थिक भार पर्न जाने भएकाले के गर्ने भन्ने विषयमा सामान्य छलफल गरिरहेका छौं ।'

तर, अन्य कार्यक्रममा भने विद्यार्थीको चाप राम्रो भएको उनको दाबी छ । दुई हजार भन्दा बढी विद्यार्थी रहेको सहायक क्याम्पस प्रमुख न्यौपानेले बताए ।

### सानोठिमीमा भर्ना भएनन् विद्यार्थी

शिक्षा संकाय पढाइ हुने भक्तपुरको सानोठिमी क्याम्पसका प्रमुख जगतकृष्ण पोखरेलले भूगोल, अर्थशास्त्र, इतिहास, राजनीतिशास्त्रमा विद्यार्थी एक/दुई जनामात्र आएको बताए । भर्ना हुने समय बाँकी रहे पनि विद्यार्थी नबढ्ने संकेत देखिएको उनी बताउँछन् । उनले भने, 'भर्ना लिन्छौं तर १० जना भएन भने विषय परिवर्तन गर्नुपर्छ भनेपछि कतिपयले विषय परिवर्तन गरे भने कतिपय ताहचाल पढ्न गएका छन् ।'

उनका अनुसार भूगोल विषयमा विद्यार्थी भर्ना हुन आएनन् र अर्थशास्त्रमा दुई जना आए पनि पूर्णकालीन शिक्षकले सबै कक्षा लिन सक्ने स्थिति नभएकाले दुई वटा विषयमा कक्षा सञ्चालन हुन सकेको छैन । इतिहास विषयमा शिक्षकहरुले अतिरिक्त आर्थिकभार नपर्ने गरी कक्षा लिन्छु भनेकाले ५ जना विद्यार्थी भर्ना भएका छन् । जनसंख्या विषयमा पूर्णकालीन शिक्षकले पढाउन सक्ने भएकाले ८ जना विद्यार्थीका लागि पनि कक्षा सञ्चालन हुने भएको छ । अन्य विषयहरुमा पनि विद्यार्थी कम भर्ना भइरहेको क्याम्पस प्रमुख पोखरेल बताउँछन् ।

### पद्मकन्या क्याम्पस र पाटन क्याम्पसमा ठीकै

बागबजारको पद्मकन्या क्याम्पस र ललितपुरको पाटन क्याम्पसमा पनि विद्यार्थी घटिरहेका छन् । तर भइरहेका कार्यक्रम रोक्नैपर्ने स्थिति नरहेको ती क्याम्पस प्रशासनहरुले जनाएका छन् । नयाँ विषय पढ्न पाउने विकल्प भएकाले विद्यार्थी बाँडिएका पद्मकन्या क्याम्पस प्रमुख प्रा.डा. जयलक्ष्मी प्रधान बताउँछिन् ।

पाटन क्याम्पसको मानविकी, सामान्य विज्ञान र व्यवस्थापन तर्फका केही शैक्षिक कार्यक्रममा विद्यार्थी कम भएका छन् तर १० जना भन्दा पनि कम भएर कार्यक्रम नै सञ्चालन नहुने स्थिति नरहेको क्याम्पस प्रमुख प्रा.डा. लक्ष्मण सिंह कुँवर बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# ठमेल र दरबारमार्ग २४ सैं घण्टा खुला गर्ने तयारी



काठमाडौं / ठमेल र दरबारमार्ग क्षेत्र २४ सैं घण्टा खुलाउने तयारी गरिएको छ ।

उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले २४ घण्टा ठमेल र दरबारमार्ग खुलाउन निर्देशन दिएसँगै जिल्ला प्रशासन काठमाडौंले यसको तयारी गरेको हो । ठमेल र दरबारमार्ग २४ सैं घण्टा खुल्ला राख्नका लागि जिल्ला सुरक्षा समितिले सुरक्षा योजना समेत बनाउन सुरु गरेको छ ।

'आन्तरिक तयारी सुरु भइसक्यो । ढिलोमा नयाँ वर्ष (बैशाख १) भित्रै खुला हुन्छ, काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले भने, 'सुरक्षाको पूर्ण प्रत्याभूति हुन्छ । बजार खुलेपछि आउने समस्या र प्रतिक्रियाका आधारमा थप योजना बनाएर कार्यान्वयन गर्छौं ।'

ठमेल र दरबारमार्गको अनुभवका आधारमा अन्य पर्यटकीय क्षेत्रलाई पनि क्रमश: २४ सैं घण्टा सञ्चालन गर्ने गृह मन्त्रालयको योजना छ । सोहीअनुसार स्थानीय प्रशासनसँग समन्वय भइरहेको उपप्रधान एवं गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

हाल दुबै क्षेत्रमा प्रकृति अनुसार चार समूहमा व्यवसाय गर्ने गरी समय निर्धारण गरिएको स्थानीय प्रशासनले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रुसी सेनाका मृतक परिवारलाई डीएनए परीक्षण गर्नै सकस

काठमाडौं/ ओखलढुंगाकी १७ वर्षकी रेनुका भुजेल बुधबार काठमाडौंमा झरीको परवाह नगरी दिनभर प्रधान प्रहरी कार्यालय र शिक्षण अस्पताल ओहोर दोहोर गरिरहिन् । रुसी सेनामा भर्ना भएका दाइ खुमकुमारको शवको पुष्टिका लागि डीएनको नमुना दिन भनेर उनी अस्पताल पुगेकी थिइन् । बुधबार चौथो दिन हो उनी अस्पताल धाएको, तर अस्पतालले जनशक्ति नभएको कारण देखाएर डीएनएको नमुना नलिई फर्काइदियो ।

रुसले रुसी सेनामा मृत्यु भएका १५ जनाको शव पहिचानका लागि नेपालबाट परिवारका सदस्यको डीएनएको नमुना पठाइदिन पत्राचार गरेको छ । रेनुकाका दाइ खुमकुमार भुजेल पोर्चुगल जान्छु भनेर गत कात्तिकमा घरबाट हिँडेका थिए । तर पोर्चुगल नभई उनी त रुसी सेनामा भर्ना हुन गएका रहेछन् । मंसिरदेखि परिवारको सम्पर्कमा नरहेका उनको गत माघमा मृत्युको अपुष्ट खबर आएको थियो ।



हप्ता दिनअघि भने सरकारले नै परिवारलाई सम्पर्क गरेर डीएनए दिन भनेपछि रेनुका यो दौडधुपमा लागेकी हुन् । 'दाइको खबरले घरमा रुवाबासी छ' उनी भन्छिन्, 'कोही नभएपछि म आफैं कलेज छोडेर दौडिरहेकी छु ।'

रुस गएको भाइ क्षितिज बस्नेतको शव पहिचानका लागि डीएनए रिपोर्ट मागेको खबर आएपछि एक हप्ताअघि खोटाङका टेकराज बस्नेत काठमाडौं आए ।

तर उनले पनि डीएनए परीक्षणका लागि नमुना दिन पाएका छैनन् । बुधबार झरीकै बीच उनी डीएनएको नमुना दिन भनेर शिक्षण अस्पताल पुगेका थिए । तर अस्पतालले जनशक्ति अभावकै कारण देखाएर नमुना लिन मानेन र भोलि बोलाएको छ । 'चैत २ गते कन्सुलर विभागदेखि कागज मिलाउन भनेर पुगिरहेको छु', उनले भने, 'कहिले सम्बोधन मिलेन भनेर प्रहरी फर्काउँछ । यही गर्दागर्दै हप्ता दिन बित्न लाग्यो ।'

यता रुसबाट आएको भाइको खबरले गाउँमा परिवार पुरै शोकमा छ । उनी भने डीएनए रिपोर्ट दिन न पाएर यतै रोकिएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# सौरभको प्रण- 'अगस्त्य'मा भएको कमजोरी सिक्वेलमा सुधार्छु'

काठमाडौं / गत फागुन १८ गतेबाट प्रदर्शनमा आएको फिल्म 'अगस्त्य'ले ठूलो उतारचढावको सामना गर्‍यो । रिलिजको हतारोले फिल्ममा केही प्राविधिक कमजोरी देखिएको थियो । कथावाचनमा पनि समस्या थियो । जसले गर्दा समीक्षा सुखद् मिल्न सकेन । त्यसले फिल्मको सुरुवाती व्यापारमा ठूलो असर गर्‍यो । तर, दर्शकबाट सकारात्मक 'वर्ड अफ माउथ' प्राप्त हुँदा फिल्मको व्यापार सुएिको थियो ।



चौंथो हप्तामा समेत फिल्मलाई प्राप्त शोजमा सुखद् अकुपेन्सी छ । विदेशमा पनि फिल्मको शोजमा दर्शक उपस्थिति उत्साहजनक रहेको वितरकले जनाएका छन् । नेपालमा फिल्मले तीन करोड ग्रस कमाइसकेको निर्माण टिमको दाबी छ । अब यसको सिक्वेल बनाउने तयारीमा निर्देशक सौरभ चौधरी जुटेका छन् । 'अगस्त्य'मार्फत् नै सन् २०२६ मा सिक्वेल प्रदर्शन हुने घोषणा गरिएको छ । बुधबार पत्रकार भेटघाटको क्रममा सौरभले 'अगस्त्य'मा भएको कमीकमजोरीलाई सिक्वेलमा सुधार्ने प्रण गरे । उनले भने- 'फिल्ममा केही कमीकमजोरी छन् । त्यसलाई सुधार गर्दै सिक्वेललाई अझ राम्रो बनाउनेछौं ।' उनले आलोचना र प्रशंसाका बीच पनि फिल्म चौंथो सातासम्म चल्नुलाई ठूलो सफलता मानेका छन् । यसले आफूलाई थप सचेत र जिम्मेवार हुन प्रेरित गरेको उनको भनाई छ ।

अभिनेता सौगात मल्लले फिल्मलाई विश्वास गरेर दर्शकहरु हलमा आइदिएकोमा खुसी व्यक्त गरे । फिल्ममा चाँदनीको भूमिकामा रहेकी अभिनेत्री मलिका महतले आफूले चरित्रलाई न्याय गर्न सकेको कुरा दर्शकको प्रतिक्रियाबाट प्रमाणित भएको दाबी गरिन् । अभिनेता प्रमोद अग्रहरीले फिल्म राम्रो बनेको बताउँदै अब आफ्नो अभिनयलाई परिस्कृत गर्दै लैजानुपर्ने चुनौती थपिएको बताए ।

# 'पूजार सार्की' प्याकअप, कौडा गीतमा नाचे आर्यन, प्रदीप र पल

काठमाडौं / निर्माण अगावैदेखि 'स्टारकास्ट'का कारण चर्चामा रहेको फिल्म 'पूजार सार्की'को छायांकन सकिएको छ । ४८औं दिनमा मंगलबार 'दर्शन गरैं हल्का निहुरेर' बोलको कौडा भाकाको गीत खिच्दै फिल्म 'प्याकअप' भएको हो । गीतमा फिल्मका मुख्य कलाकारहरु आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली र परीक्षा लिम्बूले मगर समुदायको मौलिक पहिरनमा नृत्य गरेका छन् ।



कास्कीको पोखरा नजिकै पर्ने कास्कीकोट गाउँमा छायांकन भएको फिल्ममा मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शंकर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुलीको पनि अभिनय छ । फिल्ममा आर्यन पूजारीको भूमिकामा प्रस्तुत छन् भने प्रदीपले दमाईको चरित्र निभाएका छन् । फिल्मको सेटबाट उनीहरुको क्यारेक्टर लुक्स सार्वजनिक भैसकेको छ ।

दिनेश राउतको निर्देशन रहेको फिल्मलाई विकास सुवेदीले लेखेका हुन् । यसअघि विकास र दिनेशले 'प्रकाश'मा सहकार्य गरेका थिए । फिल्मलाई संगीतकार सुवास भुसालले निर्माण गरेका हुन् । फिल्मको गीतमा भुसाल स्वयंको संगीत छ भने हर्क साउद, बि. पाण्डे, दिनेश राउत र गणेश शाहीको शब्द रचना छ । प्रकाश सपूत, शान्ति श्री परियार र केतन क्षेत्रीले गीतमा स्वर दिएका छन् ।

राजेश श्रेष्ठको छायांकन रहेको फिल्मलाई सुप्रिम पराजुलीले सम्पादन र कलर ग्रेडिङ गर्नेछन् भने साउण्ड डिजाइन उत्तम न्यौपाने, ब्याकराउण्ड स्कोर शैलेश श्रेष्ठ, कस्ट्युम डिजाइन आशिष पौडेल, प्रोडक्शन डिजाइन कसम नेपाल, प्रोडक्शन कन्ट्रोल मनोज जोशी र प्रोडक्शन व्यवस्थापनमा विदुर मानन्धर छन् । फिल्मलाई आगामी वर्षको जेठ ४ गते प्रदर्शन गर्ने तयारी भैरहेको चर्चा छ ।

# 'महाजात्रा' प्रिमियरमा कसले के भने ?

काठमाडौं / 'जात्रा' फ्रेन्चाइजको तेस्रो श्रृंखला 'महाजात्रा' यही शुक्रबार (चैत ९ गते)बाट प्रदर्शनमा आउने तयारीमा छ । एकातिर 'ब्रान्ड भ्यालु' र अर्कोतिर बलियो 'स्टारकास्ट' भएकाले फिल्मले यस वर्षकै उच्च कमाई गर्ने प्रक्षेपण गरिएको छ । मंगलबारबाट मल्टीप्लेक्सहरुमा फिल्मको बुकिङ समेत खुलिसकेको छ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्ससहित प्राय:मा फिल्मले उच्च शोज पाएको छ ।




यसबीच, मंगलबार सुन्धारास्थित सिभिल मलमा फिल्मको प्रिमियर राखिएको थियो । ५ सयभन्दा बढी अतिथिको उपस्थिति रहेको प्रिमियरमा फिल्मलाई अब्बल प्रतिक्रिया प्राप्त भएको छ । गम्भीर विषयलाई रमाइलो तरिकाले प्रस्तुत गरिएको भन्दै लेखनदेखि कलाकारको अभिनयसम्मको प्रशंसा भयो । हाँस्य अभिनेता मदनकृष्ण श्रेष्ठले फिल्म राम्रो र रमाइलो दुवै रहेको प्रतिक्रिया दिए ।

अभिनेत्री दीपाश्री निरौलाले फिल्मको हरेक पक्ष तारिफयोग्य रहेको दाबी गरिन् । उनले भनिन्, 'फिल्म रमाइलो छ । केही सन्देश पनि छ । फिल्मको सबै कुरा राम्रो छ । कलाकारहरुको काम पनि मनपर्‍यो । वर्षा राउतले गृहणीको भूमिका पनि पोख्त तरिकाले गरेकी छन् । समग्रमा फिल्म एकदमै राम्रो छ ।' त्यस्तै, अभिनेत्री निशा अधिकारीले सबै नेपालीले हेर्नैपर्ने फिल्म रहेको बताइन् ।

अभिनेता तथा गायक प्रकाश सपूतले फिल्ममा जीवनको सबै रंगहरु समेटिएको धारणा व्यक्त गरे । 'प्रदीप भट्टराई (निर्देशक)ले मेकिङलाई पनि धेरै 'ग्रोथ' गर्नुभएको छ । यसमा जीवनका सबै रंगहरु छ,' उनले भने, 'एकदमै हाँस्न पाइन्छ । मज्जाले रुन पाइन्छ । विचार, प्रेम, भावना सबै समेटिएको छ । संसारका जुनसुकै दर्शकले फिल्म हेर्न जाँदा जे-जे कुरा खोज्छन्, त्यो सबै यसमा छ ।'

अभिनेत्री केकी अधिकारीले भने 'महाजात्रा'मा हरिवंश आचार्यको चरित्र हेर्दा 'बलिदान'को याद आएको प्रतिक्रिया दिइन् । 'हरिवंश दाईको 'इन्टेन्स' क्यारेक्टरले 'बलिदान'को याद आयो । उहाँलाई यस्तो क्यारेक्टरमा एकदमै हेर्न मन थियो । अरु कलाकारहरुको पनि काम राम्रो छ,' उनले भनिन् । यसैगरी, अभिनेता जितु नेपालले फिल्म र माइलोसँगै समय सापेक्ष पनि रहेको प्रतिक्रिया दिए ।

अभिनेत्री ऋचा शर्माले फिल्मको लेखन पक्षको प्रशंसामा शब्द खर्चिइन् । 'स्क्रिनप्ले एकदमै उत्कृष्ट छ । प्रदीप भट्टराईले लेखनमा एकदमै मिहिनेत गर्नुभएको छ,' उनले हरिवंश आचार्यको पनि तारिफमा भनिन्, 'हरिवंश दाई एकदमै 'फ्रेस' लाग्यो । समसामयिक कुरालाई स्क्रिनमा उतार्नुभएको छ । हलमा जोडदार ताली र सिठ्ठी बज्नेछ जस्तो लाग्छ । हँसाई-हँसाई कडा सन्देश दिइएको छ ।'

अभिनेता हरिवंश आचार्यले स्क्रिप्टमा लेखिएकोभन्दा फिल्म अझ राम्रो लागेको बताए । 'मैले भन्दै आएको कुरा आज फिल्म हेरेपछि सबैले भन्नुभयो । स्क्रिप्ट राम्रो भएपछि प्रदीप भट्टराईले मन हाँस्ने फिल्म बनाउँछन् भन्नेमा आशावादी थिएँ । जे सोचेको थिएँ, त्यही भयो,' उनले भने । त्यस्तै, अभिनेता विपिन कार्कीले अघिल्ला श्रृंखलाभन्दा यसपटक दर्शकलाई अझ धेरै मज्जा आउने दाबी गरे ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# उपकरण मर्मत गर्न हेटौंडा सिमेन्ट उद्योग बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ हेटौंडा सिमेन्ट उद्योगको उत्पादन कार्य बन्द भएको छ । हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले उद्योगका केही उपकरणहरुको तत्काल मर्मत, सम्हार गर्नुपर्ने भएकोले सिमेन्टको उत्पादन कार्य बन्द गरेको जनाएको छ ।



उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले २ हप्ताभित्रै आगो बाल्ने भट्टीलगायत केही उपकरण मेसिनको मर्मतसम्हार गरेर पुन: सिमेन्ट उत्पादन कार्य सुरु गर्ने जानकारी दिए ।

उद्योगमा हालसम्म करिब सवा ३ लाख बोरा सिमेन्ट उत्पादन मौजात रहेको र ती सिमेन्टलाई काठमाडौंसहित अन्य सहरमा पर्याप्त मात्रामा खपत गराउन उद्योगबाट प्राविधिक खटिसकेको उनले बताए । यस्तै, उद्योगमा अहिले एक हजार ६ सय मेट्रिकटन कोइला मौजात राखिएको र थप कोइला ल्याउन उद्योगले बोलपत्र आह्वान गरिसकेको महाप्रबन्धक पाण्डेले बताए । नेपाल सरकारद्वारा २०३३ सालमा स्थापना गरिएको हेटौंडा सिमेन्टले वि.सं. २०४३ साल मंसिरबाट व्यावसायिक उत्पादन सुरु गरेको थियो ।

तत्कालीन श्री ५ को सरकारले वि.सं. २०३३ साल बैशाखमा हेटौंडाको लामसुरेमा १ अर्ब ३८ करोड ९० लाख रुपैयाँको लागतमा सिमेन्ट उद्योगको स्थापना गरेको थियो ।

उद्योगले वि.सं. २०४३ साल मंसिर २६ गतेदेखि व्यावसायिक उत्पादन गरी काठमाडौं, पोखरा, भैरवा, विराटनगरलगायत विभिन्न सहरको उपभोक्तालाई सिमेन्टको आपूर्ति गर्दै आएको छ ।

उद्योगमा अहिले प्रशासन, लेखा, स्टोर, चुनढंगाखानी र मेसिनको प्राविधिक गरी करिब २५० जनाले प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गरिरहेका छन् । उद्योग चार दशकदेखि संचालनमा रहेको र उद्योगका विभिन्न उपकरण जीर्ण अवस्थामा भएकोले नियमित उत्पादन गर्न निकै कठिनाई भएको महाप्रबन्धक पाण्डेले बताए । पटक-पटक उपकरण बिग्रिएर बन्द हुँदा उद्योगले अहिले निकै आर्थिक संकट व्यहोर्नु परेको उद्योगका महाप्रबन्धक पाण्डेले बताए ।

अब यो उद्योगलाई नयाँ प्रविधिबाट संचालनमा ल्याउन नेपाल सरकारको विभिन्न निकायसँग अनुरोध गरी उद्योग व्यवस्थापनले हालै प्रधानमन्त्री, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई उद्योगको वर्तमान अवस्थाको बारेमा जानकारी गराइसकिएको पनि महाप्रबन्धक पाण्डेले उल्लेख गरे ।

# वन डँडेलोमा परी २ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ आगलागीका घटनामा बागमती प्रदेशमा २ जनाको मृत्यु भएको छ । प्रदेशमा विभिन्न समयमा भएको आगलागी घटनामा परेर २ जनाको मृत्यु भएको हो । वन निर्देशनालय बागमती प्रदेशका अनुसार वनमा लागेको आगो निभाउने क्रममा यस प्रदेशमा २ जनाको मृत्यु भएको हो ।

निर्देशनालयका सूचना अधिकारी गोविन्द अर्यालका अनुसार धादिङको बेनिघाट रोराङ गाउँपालिका-७ स्थित जनजागृति महिला सामुदायिक वन क्षेत्रमा लागेको डढेलो निभाउन जाँदा भिर बाट लडेर धनबहादुर थापाको मृत्यु भएको थियो भने रामेछापको खाँडादेवी गाउँपालिका-७ मा रहेको भगवती सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा घाइते भएका कर्णबहादुर मगरको उपचार क्रममा मृत्यु भएको हो ।

पछिल्लो समय वर्षा कम भएकाले आगलागीको जोखिम पनि उच्च भएको निर्देशनालयले जनाएको छ । हिउँद लागे लगत्तै प्रदेशका विभिन्न जिल्लाका सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रमा आगलागीका उच्च जोखिमका बीच घटना पनि बढेको थियो । चैत सुरु भएयता मात्र बागमतीका ४ हजार हेक्टर वनमा डँढेलो लागेको निर्देशनालयका सूचना अधिकारी अर्यालले बताए ।

अर्यालका अनुसार र सुवामा मात्र करिब ३ हजार हेक्टर वनमा डढेलोले क्षति पुगेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार गत फागुनदेखि हालसम्मको अवधिमा आगलागीका घटनामा परेर ७ जना घाइते भएका छन् । प्रदेशको काठमाडौं उपत्यका बाहेकका जिल्लामा भएका आगलागीका घटनामा परेर ७ जना घाइते भएका हुन् भने ८५ पशुचौपाय मरेका छन् ।

प्रदेशका १० जिल्लामा फागुन महिनामा भएको आगलागीका घटनामा परेर ४ जना घाइते भएका छन् । ७३ पशुचौपाय र ३ हजार २२३ पन्छी मरेका छन् । घटनामा ८ पशुचौपाय घाइते भएका छन् । यो अवधिको आगलागीका घटनामा परेर ६ पक्की, १६ कच्ची घर तथा १६ गोठ, ३ टहरा र २ सवारीसाधन जलेका छन् । फागुन महिनाको आगलागीका घटनामा आर्थिक रुपमा १ करोड ७१ लाख ३८ हजार रुपैयाँ बराबरको क्षती भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाको अनुमान रहेको छ ।

चैत महिनाको ६ दिनमा मात्र आगलागीका घटनामा परेर ३ जना मानिस घाइते भएका छन् भने १२ पशुचौपाय , ९ पन्छी मरेका छन् । आगलागीका घटनामा परेर १ पक्की, ७ कच्ची र ३ गोठ जलेका छन् । प्रहरीका अनुसार घटनामा ३९ लाख ७ हजार रुपैयाँ बराबरको आर्थिक क्षती भएको छ ।



हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा सञ्चालन भइरहेको कक्षा-८ को परीक्षाको अनुगमन गर्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा । जारी परीक्षा र विद्यालयका अन्य कक्षाका विद्यार्थी माझ पुगेर उनले अध्ययनमा जोड दिन अनुरोध गरेकी छन् । शिक्षकलाई मिहेनतसँग अध्यापन गराउँदै नगरको शैक्षिकस्तर वृद्धिमा भूमिका खेल्न निर्देशन दिएको मेयर लामाको सचिवालयले जानकारी दिएको छ । *तस्बिर: साझाकुरा ।*

# रैथाने बीउ संरक्षणमा चासो राख्दै स्थानीय सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/रैथाने बाली जोगाउने अभियानमा मकवानपुरका स्थानीय तह लागिपरेका छन् । बिशेषगरी मकवानपुरगढी, भीमफेदी गाउँपालिकाले रैथाने बाली जोगाउनका लागि बिभिन्न कार्ययोजना अघि सारेका हुन् ।



मनहरी, बकैया गाउँपालिकाले पनि रैथानेबालीमा जोडदिने भएका छन् । आधुनिक प्रविधिको विकास र बसाइँसराइको कारण मकवानपुरमा रैथानेबाली संरक्षणमा चुनौती बढेकोले पनि स्थानीय सरकारको पहलमा रैथानेबाली जोगाउने अभियान सुरु भएको हो । एकदशक अगाडिसम्म मकवानपुरको ग्रामीण क्षेत्रमा खेती हुने कोदो, सिमी, फापर, जौ, भुसेतिललगायत खाद्यबाली पछिल्लो समय लोप हुने अवस्थामा पुगेको थियो । दुइदसक अघिसम्म हेटौंडाका खाद्यान्न व्यापारीले हरेह वर्ष एकसय ५० मेट्रिकटन भुसेतिल बंगलादेश निर्यात गर्ने गरेका थिए । तर, पछिल्लो समय भुसेतिल खेती हुनै छाडेको छ ।

किसानलाई रैथानेबालीतर्फ आकर्षित गर्नका लागि मकवानपुरगढी र भीमफेदी गाउँपालिकाले कृषकलाई प्रोत्साहन गर्न थालेको छ । रैथानेबाली बिक्री गर्दा पालिकाले थप रकम अनुदानमा दिने गरेको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतान बताउँछन् । किसानलाई नयाँ प्रविधिसँग जोड्ने र परम्परागत खेतीलाई पनि संरक्षण गर्ने गरी कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष लामाले बताए ।

रैथानेबालीले बजार र उत्पादनअनुसारको मूल्य नपाउँदा किसान मर्कामा पर्दै आएका थिए । उन्नत जातका खाद्यबाली फलाउन थालेपछि कृषकले पनि रैथानेबाली लगाउन छोड्दै गएका हुन् । परम्परागत बाली गाउँको पाखो बारीमा उत्पादन हुने गर्थे तर, पछिल्लो समय ती बाली उत्पादन हुने बारी वनमाराले ढाकेका छन् । खेती भइरहेका बारीमा पनि फलफूलगायत अन्य नगदेबाली लगाइएको छ । स्वादिष्ट र स्वास्थ्यका लागि फाइदाजनक परम्परागत बाली संरक्षण बजारीकरणका लागि गढी गाउँपालिकाले बजेट विनयोजन गरेर किसानलाई प्रोत्साहित गर्दै आएको हो ।

मकवानपुरका ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइसराईं बढेपछि रैथानेबाली संरक्षण गर्न नसकिएको र यसको संरक्षण गर्नका लागि थप रकम गाउँपालिकाले सहयोग गर्दै आएका हुन् । परम्परागत खाद्यान्न तथा तरकारीको बीउ संरक्षणमा समस्या बढेको छ । बजारमा हाइब्रिड बीउमात्र उपलब्ध हुन थालेपछि हाम्रो समाजका रैथानेबीउ लोप हुँदै गएको हो ।

रैथाने करेला, काँक्रा, घिरौला, सिमी, बोडी जस्ता तर कारीको बीउ पाउन छाडेको छ । हाईब्रिड बीउ पनि हाम्रोदेशमा उत्पादन हुन नसक्ने भएकाले भारतीय मुलुकबाट खरिद गर्नुपर्ने र रैथाने बीउ पनि संरक्षण हुन नसक्दा समस्या बढेको हो । रैथाने बीउ संरक्षणका लागि स्थानीय सरकारले अझै ब्यापक रुपमा कार्यक्रम ल्याउन जरुरी रहेको बिज्ञहरुले बताएका छन् ।

# थाहानगर प्रमुखसमक्ष शिक्षा सुधार्न ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/थाहा नगरपालिका शिक्षा शाखाबाट हुने गरेका शैक्षिक गतिविधिमा सुधारको निम्ति नेपाल शिक्षक महासंघ तथा त्यससंग आवद्ध क्रियाशील संघ संगठनका अध्यक्ष तथा पदाधिकारीबाट थाहा नगरप्रमुख र शिक्षा शाखा प्रमुखलाई १५ बुँदे ध्यानाकर्षणपत्र बुझाइएको छ ।

७ चैतमा महासंघका थाहानगर अध्यक्ष राजाराम कार्की, नेपाल राष्ट्रिय शिक्षक संगठनका नगरअध्यक्ष रुपचन्द्र गोपाली, एकीकृत अखिल नेपाल शिक्षक संगठनका नगरअध्यक्ष मनोज रायमाझी, नेपाल शिक्षक संघका नगरअध्यक्ष विनोद सुवेदी, अखिल नेपाल शिक्षक संघका प्रतिनिधि हरिशरण रायमाझी सहितको टोलीले नगरप्रमुखको कार्यकक्षमा पुगेर विभिन्न १५ बुँदे माग राख्दै ध्यानाकर्षणपत्र बुझाएको हो ।

पत्रमा भनिएको छ-'थाहा नगरपालिका शिक्षा शाखाको तर्फबाट भएगरेका केही अस्वभाविक तथा विभेदपूर्ण क्रियाकलापमा हाम्रो गम्भिर ध्यानाकर्षण भएकोले ध्यानाकर्षणपत्र पेश गर्दछौं ।' ध्यानाकर्षणपत्रमा विद्यालयको दूरी एवम् विद्यार्थी संख्याको आधारमा तहगत र विषयगत दरवन्दी मिलानको लागि सरोकारवाला पक्षको बीचमा वृहत छलफल गरी दरबन्दी मिलान गर्न भनिएको छ ।

त्यस्तै आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०७५ अनुसार केन्द्र कायम, केन्द्राध्यक्ष व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र निर्माणलगायत कार्य सञ्चालन निर्देशिकामा व्यवस्था भए वमोजिम नभएको हुँदा सोही निर्देशिका बमोजिम गर्न नगरपालिकाको ध्यानाकर्षण गराइएको छ । शिक्षकको जायज मागहरु क्रमश: पूरा गर्ने नगरप्रमुख विष्णुबहादुर विष्टले बताएका छन् । कार्यक्रममा थाहानगर शिक्षक महासंघ तथा शिक्षक संगठन र संघका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# ६ बुँदे सहमतिपछि शिवमको खानी पुनर्सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ मकवानपुरगढी गाउँपालिका-७ स्थित खोटारमा रहेको शिवम् सिमेन्टको खानी पुनर्संञ्चालनमा आएको छ । खानी क्षेत्रबाट निस्किएको ओभर बर्डनले खोला पुरेपछि मकवानपुरका सांसद् तथा नेकपा एमाले प्रमुखसचेतक महेशकुमार बर्तौलाको नेतृत्वमा जिल्ला समन्वय समिति प्रमुख ललित घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, प्रहरी प्रमुख सीताराम रिजाल, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्यांतान, शिवम् सिमेन्ट उद्योगका प्रतिनिधि रामप्रसाद चौर सियालगायत स्थानीयको अनुगमनपछि खानी बन्द गरिएको थियो ।

बन्द खानी पुनर्संञ्चालन गर्ने विषयमा मकवानपुरगढीका अध्यक्ष स्यांतान, जिल्ला समन्वय समिति प्रमुख घलान र शिवम् सिमेन्टका प्रतिनिधिको बैठक बसेर ६ बुँदे सहमति गरी खानी पुनर्सञ्चालन गर्ने सहमति भएको हो । सहमति अनुसार खोलाकिनारमा रहेको ओभर बर्डनलाई आवश्यकताअनुसार चैतभित्र सुरक्षित स्थानमा स्थानान्तरण गरिसक्नुपर्ने शर्तमा हाललाई खानी पुनर्संञ्चालनका लागि सहजीकरण गर्ने निर्णय भएको मकवानपुरगढीका योजना तथा राजश्व शाखाप्रमुख प्रकाश न्यौपानेले जानकारी दिए ।

अब उपरान्त ओभरबर्डन खोलामा नझार्ने गरी सतर्कतासाथ उद्योगले व्यवस्थापन मिलाउने र यो कार्यको संयुक्त अनुगमन टोलीले नियमितरुपमा अनुगमन गर्दै थप सुझाव दिने सहमति भएको छ । खोलामा झरेको ओभरबर्डन सिमेन्ट उद्योगले तोकिएको ठाउँमा ढुंगा र माटो फरकफरक गरी संकलन गर्ने र ती सामग्री उपभोग गर्नुपर्दा पालिकाको अनुमतिले मात्र उपभोगमा ल्याउनुपर्ने सहमति भएको छ ।

खानीबाट उद्योगले लैजाने लाइमस्टोन तथा अन्य उत्पादनको अभिलेख हाललाई दैनिक रुपमा जारी भएको चलानीप्रति तोकी एकप्रति गाउँपालिकामा उद्योगले दैनिक पठाउनुपर्ने उल्लेख छ । हरेक महिना ओभरबर्डन बिक्रीको विवरण सहित पालिकाले प्राप्त गर्नुपर्ने राजस्व तथा रोयल्टी लगायतका कर महिना समाप्त भएको १५ दिनभित्र गाउँपालिकामा जम्मा गर्नुपर्नेछ ।

पालिका क्षेत्रभित्र उद्योगले सामाजिक क्षेत्रमा गरेको र गर्ने सहयोगको विवरण पालिकामा पठाउनुपर्ने छ । उद्योगले सामाजिक दायित्वअन्तर्गत् प्रकोप न्यूनीकरण तथा सम्भाव्य प्रकोप व्यवस्थापन गर्न पूर्वतयारीका कार्यक्रममा उद्योग र गाउँपालिकाबीच छलफल गरी क्षेत्र र योजना तय गर्ने सहमति भएको गाउँपालिकाले जनाएको छ ।

# कैलाश अध्यक्ष कप फुटबल सुरु

हेटौंडा, ७ चैत/ मकवानपुरको कैलाश गाउँपालिकामा दोस्रो संस्करणको अध्यक्ष कप फुटबल प्रतियोगिताको सुरुवात भएको छ । बुधबारदेखि सुरु भएको प्रतियोगिताको गाउँपालिकाका अध्यक्ष लोक बहादुर मोक्तानले उद्घाटन गरेका हुन् ।

कैलाश-९ स्थित नामटारमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा वडा नम्बर १० ले विजयी सुरुवात गरेको छ । वडा नम्बर ४ लाई ३-० गोलको फराकिलो अन्तरले पराजित गर्दै वडा नम्बर १० विजयी भएको हो । प्रतिस्पर्धामा बुद्ध थिङ र सागर बलले एक-एक गोल गरे भने एक गोल आत्मघाती उपहार पाएको हो । वडा नम्बर १० प्रतियोगिताको साविक विजेतासमेत हो ।

# नबोदयको प्रधानाध्यापकमा थिङ नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ हेटौंडा-४ मा रहेको नवोदय शिशुसदन अंग्रेजी विद्यालयको प्रिन्सिपलमा मनोज थिङ नियुक्त भएका छन् । बुधबार एक कार्यक्रमबीच विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष पुरनबहादुर जोशी, विद्यालयका निवर्तमान प्रधानाध्यापक शकुन्तला जोशीले थिङलाई प्रधानाध्यापक पदमा नियुक्त गरेका हुन् । प्रधानाध्यापक पदमा नियुक्त भएका थिङले नवोदय परिवारसँग सहकार्य गरी आफू अगाडि बढ्ने बताए ।

विद्यालयले माध्यमिक तह शैक्षिक संयोजकमा मञ्चन तिवारी, प्राथमिक तह शैक्षिक संयोजकमा सचिता पाण्डे, कक्षा ९ र १० को संयोजकमा सिएम रिमाल, तालिम संयोजकमा नगेन्द्रकुमार नगरकोटी र प्रशासन प्रमुखमा सरद पाण्डेलाई नियुक्त गरेको छ । विद्यालयले निर्माण गरेको 'भिजन, मिसन र भ्यालुज' को पनि सार्वजनिक भएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जोशीले समयसापेक्ष संस्था अगाडि बढ्नुपर्नेमा जोड दिए ।

काम गर्दा चुनौतीहरु धेरै आउँछन् र चुनौतीलाई सामना गर्दै अगाडि बढ्नुपर्ने जोशीले बताए । व्यवस्थापन टिम र सोच सकारात्मक राखे नतिजा राम्रो आउने उनको दावी थियो । विद्यालयका निर्देशक दीपेश जोशीले विद्यालयको मिसन, भिजन र भ्यालुजको बारेमा शिक्षकलाई जानकारी गराएका थिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य रामबाबु थापा, नवोदय विद्यालयका शिक्षक, कर्मचारीको सहभागिता थियो ।

## सूचना ! सूचना ! सूचना !

नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारण सभा यही आउँदो २०८० साल चैत्र १६ र १७ गतेका दिन निर्माण व्यवसायी संघ मकवानपुर सह-आयोजक हुने गरी **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)** को **प्रमुख आतिथ्यतामा बागमती प्रदेशको राजधानी हेटौडा**को रोयल प्यालेस, हेटौंडा, मकवानपुरमा सम्पन्न हुन गईरहेको व्यहोरा महोदयमा सहर्ष जानकारी गराउँदछौं । उक्त २५ औं साधारण सभामा विभिन्न मन्त्रालयका मन्त्रीज्यूहरु, बागमती प्रदेशका मुख्यमन्त्रीज्यू तथा प्रदेश मन्त्रीज्यूहरु, माननीय सासदज्यूहरु, संघीय सचिवज्यूहरु, सरकारी कार्यालयका उच्चपदस्थ कर्मचारीहरु, विभिन्न संघ संस्था, गैरसरकारी संस्थाका प्रतिनिधिहरु र निर्माण व्यवसायीहरु गरी करिब १८०० जनाको प्रतिनिधि पर्यवक्षकका रुपमा सहभागिता रहने व्यहोरा समेत यहाँमा जानकारी गराउँदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरु ले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभा मा सहभागी हुन मिति २०८० चैत्र ९ गते सम्ममा २०८०/०८१ को अनिर्वाय रुपमा यस संघमा नविकरण गराईसक्नु पर्ने र उप्त साधारण सभामा प्रतिनिधि पर्यवक्षकको रुपमा सहभागी हुनको लागि रजिष्ट्रेशन बापत रु १,००० (एक हजार रुपैयाँ मात्र) लाग्ने व्यहोरा समेत जानकारी गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट




Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३